# मुख छेदन

*यस तथ्य पानाले मुख छेदन गर्दा हुने सामान्य अल्पकालीन तथा दीर्घकालीन जटिलताहरू र जटिलताहरूको सम्भावनालाई कसरी कम गर्न सकिन्छ भनेर बताउँछ।*

## मुख छेदन भनेको के हो?

मुख छेदन भन्नाले जिब्रो, ओठ वा गालामा सुई प्रवेश गराएर गहना जस्तै स्टड, रिँग वा बार्बेल हाल्नको लागि छेद बनाउने प्रक्रिया हो। छेदन सामान्यतया एनेस्थेटिक बिना गरिन्छ।

## मुख छेदन गर्दा हुने जटिलताहरू

मुख छेदनले मुखको र/वा सामान्य स्वास्थ्यमा गम्भीर जटिलताहरू निम्त्याउन सक्छ। छेदन पछि तुरुन्तै वा दीर्घकालीन अवधिमा जटिलताहरू देखा पर्न सक्छ।

- छेदन पछिका जटिलताहरू

- सङ्क्रमण हुन सक्छ, विशेष गरी यदि कडा सङ्क्रमण नियन्त्रण र निर्मलीकरण (स्टेरिलाइजेसन) प्रयोगहरू पालना गरिएन भने।
- छेदन पछि जिब्रो सुन्निने सामान्य हो। गम्भीर अवस्थामा, सुजनले वायुमार्ग अवरुद्ध गर्न सक्छ र गम्भीर श्वासप्रश्वासको समस्या सिर्जना गर्न सक्छ।
- सामान्य रक्तस्राव हुनु प्रत्याशित हो। छेदन प्रक्रियामा रगतका नलीहरू काटिएमा अत्यधिक रक्तस्राव हुन सक्छ।
- छेदन पछि दुखाइ हुनु प्रत्याशित छ।

*दीर्घकालीन जटिलताहरू*

- छेदन गरिएको गहनाले निरन्तर ठोक्किँदा दाँतहरू चिप्लिन वा भाँचिन सक्छ, विशेष गरी जिब्रोमा राखिएको बार्बेलले। छेदन गहनाले गरेका सूक्ष्म चिराहरू दाँतमा अत्यन्तै पीडादायी हुन्छन्। यी चिराहरूलाई उपचार गर्न गाह्रो हुन्छ र प्रायः दाँत गुमाउनु पर्ने हुन्छ।
- दाँतको सतहमा गहनाले लगातार रगड्दा दाँतको सतह घसिन सक्छ। दाँतको संरचनाको यो अपरिवर्तनीय हानिले संवेदनशीलता निम्त्याउन सक्छ, भद्दा देखिन्छ र दाँत गुमाउन सक्छ।
- गिजा र भित्री गालको तन्तुमा छेदन गरिएको गहनाले गिजामा निरन्तर धर्षण गर्दा चोट पुग्न सक्छ, विशेष गरी ओठ ('ला ब्रेट') छेदनमा।
- मुख छेड्दा चपाउन र बोल्नमा बाधा पुग्न सक्छ।
- गलत छेदन तरीकाको कारण स्नायु क्षति हुँदा स्वाद गुमाउने र/वा बोलीमा बाधा पुग्न सक्छ, वा अनुहारको सुन्निने र/वा पक्षाघात हुन सक्छ।
- छेदिएको स्थान र छेदन गहनाको आसपास बहिरी फोहोर र जीवाणु (ब्याक्टेरिया) जम्मा हुँदा सङ्क्रमणको जोखिम हुन्छ।

- दूषित छेड्ने उपकरण प्रयोग गर्दा रगतबाट सर्ने हेपाटाइटिस र एचआईभी जस्ता रोग लाग्ने खतरा हुन्छ ।
- गहना छेड्दा प्रयोग हुने धातुहरूप्रति अति संवेदनशीलताको अनुभव हुन सक्छ।
- निरन्तर सुन्निने र दुख्ने अनुभव हुन सक्छ।

**जटिलताहरूको सम्भावनालाई म कसरी कम गर्न सक्छु?**

जटिलताहरू नभए पनि, मौखिक छेदन पछि उपचार हुन चारदेखि छ हप्ता लाग्छ। यी सुझावहरू पालना गरेर तपाईं जटिलताहरूको सम्भावना कम गर्न सक्नुहुन्छ:

- छेदन गर्ने व्यक्ति अनुभवी हुनुपर्छ, तपाईंको मुखको संरचना बारेमा जानकार हुनुपर्छ र कडा सङ्क्रमण नियन्त्रण र निर्मलीकरण (स्टेरिलाइजेसन) प्रयोगहरू अभ्यास गर्नुपर्छ।
- जिब्रो सुन्निने खतरा कम गर्न टुक्रा वा खुर्पेको बरफलाई बिस्तारै चुस्नुहोस्।
- छेडेपछि अत्यधिक रक्तस्राव, सुन्निने वा दुख्ने भएमा तत्काल चिकित्सकको सुझाव लिनुहोस्।
- यदि सङ्क्रमण भयो भने तत्काल चिकित्सकको सुझाव लिनुहोस् ।

एक पटक छेदन गरिसकेपछि, प्रत्येक छ महिनामा दन्त चिकित्सकलाई भेट्नुहोस् ताकि छेदन र दाँतमा कुनै पनि सम्भावित क्षतिको निगरानी गर्न सकियोस्।

गहनाको आकार र स्थितिले दाँत र गिजामा क्षति नपुऱ्याउने सुनिश्चित गर्नुहोस् । धातुका गहनाभन्दा राम्रो गुणस्तरका प्लास्टिकका गहना लगाउनु राम्रो हुन्छ ।

दाँत र गिजामा क्षति हुन नदिन खेलकुदमा भाग लिनुअघि र सुत्नुअघि गहना हरू हटाउनुहोस्।

**थप जानकारीको लागि**

- आफ्नो दन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस्।
- www.health.qld.gov.au/oralhealth मा जानुहोस्।
- १३ हेल्थ (13 HEALTH) (१३ ४३ २५ ८४) लाई दिनको २४ घण्टा, हप्ताको सात दिन गोप्य स्वास्थ्य सुझावको लागि सम्पर्क गर्नुहोस्।
- oral_health@health.qld.gov.au मा इमेल गर्नुहोस्।

© The State of Queensland, Queensland Health, 2024.